श्री ................................................................ विद्यालय

...................................................

ललितपुर ।

## विषय: छात्रवृत्ति सम्बन्धमा ।

**महोदय,**

प्रस्तुत विषयमा यस विद्यालयमा मेरो छोरा/छोरी देहाय बमोजिमको कक्षा मा अध्ययनरत रहेकोले निम्नानुसारको छात्रवृत्ती पाउँन यो निवेदन पेश गरेको छु ।

अभिभावकको नाम: .......................................................

विद्यार्थीको नाम:................................. (अग्रेजीमा नाम):.................

विद्यार्थीको ठेगानाः...............................................................

शै.स.२०८० को कक्षा मा भर्ना भएको विद्यालयको नामः..............................................

विद्यालयको ठेगाना: ललितपुर महानगरपालिका वडा नं.........................

गत शैक्षिक सत्र २०७९ मा (कक्षा) अध्ययन गरेको विद्यालयको नामः...........................

माग गरेको छात्रवृत्तीको किसिम: आर्थिकरूपले पछडिएको(विपन्न) / जेहन्दार / जनजाती / दलित /महिला / अपाङ्ग / लोपन्मुख / पछडिएको क्षेत्र/ मधेशी / अन्य:-

निवेदक

नाम:

दस्तखत:

ठेगाना:

मो. नं./सम्पर्क नं.:

मिति:

निवेदन साथ पेश गर्नु पर्ने कागजातहरू:

१) नगरपालिका/गाऊँपालिका/ वडा कार्यालयको विपन्नता खोलिएको सिफारिस सक्कलै।

२) तल्लो कक्षाको ग्रेडसीट/प्रमाणको प्रतिलिपी

३) आरक्षण/ समाबेसी कोटामा अध्ययन गर्न चाहने विद्यार्थीले आधिकारिक आयोग/संघ संस्थाबाट परिचय खुलेको प्रमाण-पत्र ।

४) अभिभावकको नागरिकताको प्रमाण-पत्रको प्रतिलिपी ।

## ललितपुर महानगरपालिका

## संस्थागत विद्यालय छात्रवृत्ति व्यवस्थापन सम्बन्धी मापदण्ड २०८०

संस्थागत विद्यालयले विद्यालयमा भर्ना भएका कुल विद्यार्थी सङ्ख्याको कम्तीमा १० प्रतिशतमा नघटने गरी जेहेन्दार विपन्न, अपाङ्ग, महिला, दलित, जनजाति आदि विद्यार्थीहरूलाई छात्रवृत्ति उपलब्ध गराउनु पर्ने व्यवस्था अनुसार ललितपुर महानगरपालिकाको छात्रवृत्ति व्यवस्थापन तथा अनुगमन समितिबाट मापदण्ड

१. उद्देश्य

क) छात्रवृत्ति वितरणलाई पारदर्शी बनाउने

ख) संस्थागत विद्यालयमार्फत वितरण गरिने छात्रवृत्तिलाई शैक्षिक उद्देश्य हासिल गर्ने गरी सदुपयोग गर्ने

ग) छात्रवृत्ति व्यवस्थापन तथा वितरणमा संलग्न विभिन्न तहका पदाधिकारीहरूको भूमिका तथा जवाफदेहिता स्पष्ट गराउने

घ) सबै प्रकारका छात्रवृत्ति वितरणमा दोहोरोपनको अन्त गर्ने ।

ङ) छात्रवृत्तिको अभिलेख व्यवस्थापन र प्रतिवेदन प्रभावकारी र व्यवस्थित बनाउने

च) विद्यालय अनुगमन प्रणालीलाई प्रभावकारी बनाउने ।

**छात्रवृत्ति समितिको गठन**

महानगरपालिका स्तरीय छात्रवृत्ति व्यवस्थापन तथा अनुगमन समिति अन्तर्गत रहने गरी विद्यालय तहमा "**विद्यालय छात्रवृत्ति समिति**" देहाय अनुसार रहने छः

क) अध्यक्षः विद्यालय सञ्चालक समितिको अध्यक्ष वा सञ्चालक मध्ये अध्यक्षले तोकेको व्यक्ति

ख) सदस्यः सम्बन्धित वडा प्रतिनिधि

ग) सदस्यः शिक्षा महाशाखा प्रतिनिधि

घ) सदस्यः अभिभावक प्रतिनिधिः (दलित, जनजाति, अपाङ्गता, पिछडिएका वर्ग र महिला समेतको प्रतिनिधित्व हुनेगरी बढीमा ४

ललितपुर महानगरपालिका नगर कार्यपालिकाको कार्यालय पुल्चोक, ललितपुर बागमती प्रदेश, नेपाल

ङ) सदस्यः शिक्षक कर्मचारी प्रतिनिधि

च) सदस्य सचिवः प्रिन्सिपल/प्रधानाध्यापक

आवश्यकता अनुसार समितिले अन्य सदस्य विज्ञको रूपमा आमन्त्रण गर्न सक्नेछ। यसरी आमन्त्रण गर्दा छात्रवृत्तिको प्रकृति तथा आवश्यकता अनुसार आमन्त्रण गर्न सकिनेछ ।

**(क) सिफारिस समितिको काम कर्तव्य अधिकार देहाय अनुसार हुनेछः**

१. विद्यार्थीहरूलाई छात्रवृत्ति उपलब्ध गराउने संख्याको अभिलेख राख्ने र नियमित गर्ने ।

२. आफ्नो विद्यालयमा अध्ययनरत विद्यार्थी मध्ये तोकिएका आधार बमोजिम छात्रवृत्ति प्राप्त गर्न विद्यार्थीबाट आवेदन माग गर्ने ।

३. महानगरपालिकाबाट माग भएको आवेदन संकलन गरी राख्ने ।

४. प्राप्त भएका आवेदन उपर छानविन गरी योग्य विद्यार्थीहरूको नामनामेसी विवरण संकलन, रूजु र प्रमाणीकरण गर्ने ।

५. आवेदन अनुसार माग भएको छात्रवृत्ति निवेदकको माग अनुसार प्रत्येक किसिमका छात्रवृत्ति आफ्नो विद्यालयको विद्यार्थी संख्याको आधारमा कोट निर्धारण गर्दा कक्षागत कोटालाई समेतको आधारमा गर्ने ।

६. छात्रवृत्ति वितरणको लागि अभिलेख राखी महानगरपालिकाको शिक्षा महाशाखामा विवरण पठाउने ।

७. यस शैक्षिक सत्र २०८० मा कक्षा १, कक्षा ६ र कक्षा ९ मा अध्ययनरत विद्यार्थीलाई छात्रवृत्ति वितरण गर्ने ।

८. अन्य कक्षामा अध्ययनरत विद्यार्थीको हकमा शैक्षिक सत्र २०७९ मा वितरण भएका विद्यार्थीलाई निरन्तरता दिने ।

९. विद्यालयको विद्यार्थी संख्याको आधारमा वितरण गर्नुपर्ने छात्रवृत्ति संख्या र किसिम अनुसार वितरण गरी सुचना पाटी, वेवसाईटमा राख्न लगाउने ।

ललितपुर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पुल्चोक, ललितपुर
बागमती प्रदेश, नेपाल

(ख) छात्रवृत्तिको किसिमः

दलित छात्रवृत्ति, अपाङ्ग छात्रवृत्ति, द्वन्दपीडित तथा सहिदका छोराछोरी, एकल महिलाका छोराछोरीको लागि छात्रवृत्ति, लोपोन्मुख/सीमान्तकृत छात्रवृत्ति, जेहन्दार छात्रवृत्ति, विपन्न/असहाय/गरिव छात्रवृत्ति, पिछडा वर्ग/मधेशी/मुस्लिम छात्रवृत्ति, जनजाति छात्रवृत्ति आदी ।

(ग) छात्रवृत्ति सम्बन्धी व्याख्याः

नेपाल सरकारबाट घोषित आयोग, निर्देशिका, प्रमाण-पत्रबाट प्रमाणित, नेपाल सरकारबाट वितरण परिचय पत्र भएका/ उल्लेख गरिए बमोजिमलाई जनाउँनेछ ।

(घ) छनौटका आधारहरू

१. तोकिएको समय भित्र सम्बन्धित विद्यार्थी / अभिभावकले निवेदन गर्नुपर्नेछ ।

२. विशेष अवस्था बाहेक छात्रवृत्ति प्राप्त गर्न कम्तिमा पनि ८० प्रतिशत कक्षामा हाजिर हुनुपर्नेछ ।

३. एक पटक छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीले पुनः सोही कक्षामा छात्रवृत्ति पाउने छैन ।

४. जुनसुकै किसिमका छात्रवृत्ति प्रदान गर्दा मुख्य आधार गरिव तथा जेहेन्दारलाई प्राथमिकता दिईनेछ ।

५. विद्यालयमा अध्ययनरत कुल विद्यार्थी संख्याको १० प्रतिशत विद्यार्थीलाई १०० प्रतिशत छात्रवृत्ति प्रदान गर्नुपर्नेछ ।

६. छात्रवृत्ति वितरण गर्दा व्यवस्थापन समितिबाट निर्णय गरी वितरण गर्ने व्यवस्था मिलाउने र छात्रवृत्ति वितरणको विवरण विद्यालयको सूचनापाटी र विद्युतीय सूचना प्रणालीमा समेत राख्ने व्यवस्था मिलाउने ।

७. १० प्रतिशत भन्दा बढी विद्यार्थी संख्याको आवेदन परेमा अभिभावकहरूको आर्थिक अवस्था र विद्यार्थीको सिकाइ उपलब्धि समेतको आधारमा छात्रवृत्ति वितरण गर्ने व्यवस्था मिलाउने ।

८. विद्यालयमा अध्ययनरत विद्यार्थी मध्ये जेहेन्दार, विपन्न, असहाय, अपाङ्ग, महिला, दलित, जनजाति, द्वन्द पिडित, सहिद परिवारका विद्यार्थी, वैदेशिक रोजगारमा मृत्यु

ललितपुर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पुल्चोक, ललितपुर
बागमती प्रदेश, नेपाल

भएका परिवारका विद्यार्थी, मधेशी सहित अन्य समावेशी आधारमा छात्रवृत्ति व्यवस्थापन गर्ने ।

९. ललितपुर महानगरपालिकामा छात्रवृत्तिका लागि निवेदन दिएका र विद्यालयमा पेश भएको निवेदन समेत छात्रवृत्ति वितरण समितिको बैठकमा पेश गरी निवेदन उपर आवश्यक कारवाही गर्ने ।

१०. छात्रवृत्ति वितरण विवरण प्रमाणीत गरी विद्युतीय प्रति समेत ललितपुर महानगरपालिका शिक्षा महाशाखामा पठाउने व्यवस्था मिलाउने ।

११. विद्यालयबाट प्राप्त भएको छात्रवृत्ति विवरण यस महानगरपालिकाको Website मा राखिने छ ।

१२. यस वर्ष वितरण भएका छात्रवृत्तिका विद्यार्थीले विद्यालयको (आधारभूत तह कक्षा १ -५, आधारभूत तह ६-८ र माध्यमिक तह ९-१० तह उत्तीर्ण नगरे सम्म निरन्तर छात्रवृत्तिको व्यवस्था मिलाउने ।

१३. एक परिवारको एक भन्दा वढी विद्यार्थी भएमा एक जनालाई मात्र छनौंट गर्ने ।

१४. कुनै वर्गको छात्रवृत्ति कोटा खालि भएमा सोही वर्गको विद्यार्थीहरू मध्येबाट पुर्ति गर्नु पर्ने छ ।

१५. यस महानगरपालिकाको छात्रवृत्ति व्यवस्थापन तथा अनुगमन समितिबाट अनुगमन संयन्त्र प्रभावकारी बनाइने ।

यो मापदण्ड शैक्षिक सत्र २०८० बाट लागु हुने छ ।

ललितपुर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पुल्चोक, ललितपुर
बागमती प्रदेश, नेपाल